# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३४।४।१०

**संशोधन**
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने)
(पहिलो संशोधन) नियमावली, २०६४ २०६५।२।१३

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो नियमहरूको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ सम्झनु पर्छ ।

(ख) "सूचक" भन्नाले ऐन बमोजिम व्यक्तिगत घटनाको सूचना दिने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।

३. **पंजिकाधिकारी (रजिष्ट्रार) को काम र कर्तव्य:** यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम र कर्तव्यको अतिरिक्त पंजिकाधिकारीको काम र कर्तव्य देहायबमोजिम हुनेछ;-

(क) स्थानीय पंजिकाधिकारीहरूलाई व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा निर्देशन दिने,

(ख) स्थानीय पंजिकाधिकारीहरूले यथा समयमा व्यक्तिगत घटना दर्ता नगरी वा दर्ताको प्रमाणपत्र नदिई सूचकलाई अनावश्यक तवरले झुल्याई राखेको छ भनी निजहरू उपर पर्न आएको उजूरीमा आवश्यक कारबाही गर्ने,

(ग) दर्ता भई सकेको व्यक्तिगत घटनाको विवरण सच्याउने र दर्ता भइसकेको नाम फेर्ने सम्बन्धमा स्थानीय पंजिकाधिकारीलाई अनुमति दिने,

(घ) स्थानीय पंजिकाधिकारीको कार्यालयले पठाइने व्यक्तिगत घटना दर्ताको मासिक विवरण सम्बन्धी फारामको ढाँचा तोकिदिने,

(ङ) व्यक्तिगत घटनाको दर्ताको तथ्याङ्क सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(च) व्यक्तिगत घटनाको दर्ताको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार पारी नेपाल सरकारमा पेश गर्ने,

(छ) व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा ऐन र नियमको उद्देश्य कार्यान्वयन गर्न आवश्यक काम कारवाही गर्ने ।

४. **<u>परिवारको लगत</u>**ः (१) व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि परिवारको लगत तयार पार्न नेपाल सरकारले आवश्यक कर्मचारी खटाई अनुसूची-१ बमोजिमको ढाँचामा परिवारको लगत तयार गर्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको परिवारको लगत पंजिकाधिकारीको कार्यालयमा राखिने छ र नियम १३ बमोजिम स्थानीय पंजिकाधिकारीले पठाएको व्यक्तिगत घटना दर्ताको मासिक विवरण अनुसार सम्बन्धित परिवारको लगतमा आवश्यकता अनुसार थपघट गरिनेछ ।

५. **<u>व्यक्तिगत घटनाको सूचना दिने</u>**ः (१) सूचकले देहायको व्यक्तिगत घटनाको सूचना ऐनमा तोकिएको म्याद भित्र देहायको अनुसूची बमोजिमको फाराम भरी स्थानीय पंजिकाधिकारीको कार्यालयमा दिनु पर्नेछः-

| व्यक्तिगत घटना | फाराम |
|---|---|
| (क) जन्म | अनुसूची -२ |
| (ख) मृत्यु | अनुसूची -३ |
| (ग) विवाह | अनुसूची -४ |
| (घ) सम्बन्ध विच्छेद | अनुसूची -५ |
| (ङ) बसाइँसराई | अनुसूची -६ |

(२) जन्मको सूचना दिंदा बच्चाको नामकरण भइसकेको नभए त्यस्तो बच्चाको नाम पछि दर्ता गराउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको फाराम सूचकलाई निःशुल्क उपलब्ध गराइनेछ ।

६. **व्यक्तिगत घटना दर्ता**ः नियम ५ बमोजिमको सूचना प्राप्त भएपछि स्थानीय पंजिकाधिकारीले ऐनबमोजिम गर्नु पर्ने काम गरी देहायको व्यक्तिगत घटनाको सूचना देहायको अनुसूची बमोजिमको दर्ता कितावमा दर्ता गर्नु पर्नेछः-

| व्यक्तिगत घटना | दर्ता किताव |
|---|---|
| (क) जन्म | अनुसूची - ७ |
| (ख) मृत्यु | अनुसूची - ८ |
| (ग) विवाह | अनुसूची - ९ |
| (घ) सम्बन्ध विच्छेद | अनुसूची -१० |
| (ङ) बसाइँसराई | अनुसूची -११ |

७. **दर्ताको प्रमाणपत्र दिने**ः नियम ६ बमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता गरी सकेपछि स्थानीय पंजिकाधिकारीले देहायको व्यक्तिगत घटनाको सूचना दिने सूचकलाई देहायको अनुसूची बमोजिमको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ;-

| <u>व्यक्तिगत घटना</u> | | <u>दर्ताको प्रमाणपत्र</u> |
|---|---|---|
| (क) | जन्म | अनुसूची -१२ |
| (ख) | मृत्यु | अनुसूची -१३ |
| (ग) | विवाह | अनुसूची -१४ |
| (घ) | सम्बन्ध विच्छेद | अनुसूची -१५ |
| (ङ) | बसाइँसराई | अनुसूची -१६ |

८. **<u>प्रमाणपत्रको नक्कल दिनेः</u>** (१) व्यक्तिगत घटनाको दर्ताको प्रमाणपत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा त्यस्तो प्रमाणपत्रको नक्कलको लागि सरोकारवाला व्यक्तिले स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पंजिकाधिकारीले सम्बन्धित दर्ता किताबको कैफियत महलमा दर्ताको प्रमाणपत्रको नक्कल दिएको व्यहोरा जनाई मिति समेत हाली सही गरी पाँच रुपैयाँ दस्तूर लिई निवेदकलाई दर्ताको प्रमाणपत्रको नक्कल दिनु पर्नेछ ।

९. **<u>विवरण सच्याउने</u>**ः (१) दर्ता भई सकेको व्यक्तिगत घटनाको विवरण कुनै कारणले सच्याउनु परेमा त्यस्तो कारण खोली सम्बन्धित प्रमाणपत्र नत्थी गरी सरोकारवाला व्यक्तिले स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पंजिकाधिकारीले पंजिकाधिकारीको अनुमति लिई सम्बन्धित दर्ता किताबमा र प्रमाणपत्रमा समेत निवेदन बमोजिम सच्याउनु पर्ने कुरा सच्याई दिनु पर्नेछ । त्यसरी दर्ता भई सकेको विवरण सच्याउँदा एक रुपैयाँ दस्तुर लाग्नेछ ।

१०. **<u>बच्चाको नाम दर्ता गर्ने र दर्ता भइसकेको नाम फेर्ने</u>**ः (१) नियम ५ को उपनियम (२) बमोजिम बच्चाको नाम दर्ता गराउन सरोकारवाला व्यक्तिले सम्बन्धित प्रमाणपत्र नत्थी गरी स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भए पछि स्थानीय पंजिधिकारीले सम्बन्धित दर्ता कितावमा निवेदनमा लेखिए बमोजिमको नामदर्ता गरी मिति समेत हाली सही गरी प्रमाणपत्रमा पनि नाम जनाइदिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नाम दर्ता गरेको कुराको जानकारी स्थानीय पंजिकाधिकारीले तुरुन्त पंजिकाधिकारीको कार्यालयलाई दिनु पर्नेछ ।

(४) कुनै व्यक्तिको पहिले दर्ता भई सकेको नाम फेर्नु परेमा त्यसको कारण खोली सम्बन्धित प्रमाणपत्र नत्थी गरी सरोकारवाला व्यक्तिले सम्बन्धित स्थानीय पंजिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय पंजिकाधिकारीले पंजिकाधिकारीको अनुमति लिई सम्बन्धित दर्ता कितावको कैफियत महलमा फेरिएको नाम लेखि मिति समेत हाली सही गरी प्रमाणपत्रमा समेत फेरिएको नाम लेखि दिनु पर्नेछ । त्यसरी दर्ता भई सकेको नाम फेर्दा एक रुपैयाँ दस्तुर लाग्नेछ ।

**११. दर्ता कितावको निरीक्षणः** सरोकारवाला व्यक्तिले व्यक्तिगत घटना दर्ता किताव निरीक्षण गर्न निवेदन दिएमा स्थानीय पंजिकाधिकारीले एक रुपैयाँ निरीक्षण दस्तुर लिई आफ्नो रोहवरमा दर्ता किताव निरीक्षण गर्न दिन सक्नेछ ।

***११क. दस्तुर वापत प्राप्त रकम कोषमा जम्मा गर्नेः** (१) ऐनको दफा १३ बमोजिम प्राप्त हुने जरिवाना रकम बाहेक ऐन र यस नियमावली बमोजिम प्राप्त हुने दस्तुर तथा अन्य रकमहरू सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जम्मा भएको रकम व्यक्तिगत घटना दर्तासंग सम्बन्धित कार्यमा खर्च गरिनेछ ।

---

* पहिलो संशोधनद्वारा थप।

१२. **निवेदन दिने सम्बन्धमा**ः (१) ऐन तथा यस नियमावली बमोजिम सरोकारवाला व्यक्तिले निवेदन दिन आउँदा त्यस्तो व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भने बमोजिम स्थानीय पंजिकाधिकारीले आफैंले लेखी वा लेख्न लगाई निजको ल्याप्चे सहीछाप गराउनु पर्नेछ ।

(२) ऐन वा यस नियमावली बमोजिम निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन ।

१३. **मासिक विवरण पठाउनु पर्ने**ः स्थानीय पंजिकाधिकारीको कार्यालयले पंजिकाधिकारीले तोकी दिएको ढाँचा बमोजिमको फाराममा व्यक्तिगत घटना दर्ताको मासिक विवरण अर्को महिनाको पहिलो हप्ता भित्र पंजिकाधिकारीको कार्यालयमा पठाउनु पर्नेछ ।

१४. **अभिलेख राख्नु पर्ने**ः पंजिकाधिकारीको कार्यालयले नियम १३ बमोजिम प्राप्त हुन आएको विवरण संकलन एवं विश्लेषण गरी व्यक्तिगत घटना दर्ताको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

१५. **अनुसूचीमा हेरफेर**ः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

| विवरण | नाम | कोड नं |
|---|---|---|
| जिल्लाः | | |
| निर्वाचन क्षेत्र नं.: | | |
| गा.वि.स./न.पा.: | | |
| वडा नं.: | | |
| टोलः | | |
| घर नं.: | | |
| परिवार नं.: | | |

# •अनुसूची-१

(नियम ४ संग सम्बन्धित)

स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय...

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

............. गा.वि.स./न.पा.

परिवारको लगत फाराम

फाराम भर्ने कर्मचारीको नामः

दर्जाः

सहीछापः

मितिः

घरमुलिको नामः

धर्मः

मातृभाषा

| पारिवारिक फाराम भर्दा भर्ने | | | | | | | | | नियम ४ को उपनियम (२) बमोजिम पंजिकाधिकारीको कार्यालयबाट भरिने | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | मलीसहित परिवारका सदस्यहरुको नाम,थर | घरमुलीसँगको नाता | नाम | | | जन्म मिति | लिंग | राष्ट्रियता | नागरिकता लिएको भए | | जन्म | | | | विवाह | | | | मृत्यु | | | | सम्बन्ध विच्छेद | | | | बसाई सराइ | | | | | कैफियत |
| | | | बाबु | आमा | पतीपत्नी | | | | नं. | लिएको जिल्ला | जन्म दर्ता | जन्म मिति | स्थानीय पं.को नाम | स्थानीय पं.को दस्तखत मिति | दर्ता नं. | विवाह मिति | स्थानीय पं.को नाम | स्थानीय पं.को दस्तखत मिति | मृत्यु दर्ता नं. | मृत्यु मिति | स्थानीय पं.को नाम | स्थानीय पं.को दस्तखत मिति | स.वि. दर्ता नं. | सम्बन्ध विच्छेद मिति | स्थानीय पं.को नाम | स्थानीय पं.को दस्तखत र मिति | बसाइँसराई दर्ता न. | बसाइँ सराईको मिति | बसाइँ सरी गएको जिल्ला | स्थानीय पं.को नाम | स्थानीय पं.को दस्तखत र मिति | |
| १ | २ | ३ | ४ | ४ | ५ | ६ | ७ | ८ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ | ३३ |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग

• मिति २०६१।५।२८ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

यसमा लेखिएको विवरण साचो हो/झुठा ठहरे कानूनबमोजिम सहुँला बुझाउला भनी

परिवारको मुख्य व्यक्तिको सहीछापः

नामः

मितिः

नेपाल कानून आयोग

# *अनुसूची -२

(नियम ५ सँग सम्बन्धित)

## जन्मको सूचना फाराम

(स्थानीय पञ्जिकाधिकारीले भर्ने)

| | नाम | नं। |
|---|---|---|
| अञ्चल | | |
| जिल्ला | | |
| गा।वि।स।४न।पा। | | |

| | |
|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | |
| दर्ता नं। | |
| दर्ता मितिः | |
| परिवारको लगत फाराम नं। | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,

... गा.वि.स./न.पा.

....... जिल्ला

महोदय,

निम्न लिखित विवरण खुलाई नवजात शिशु जन्मेको सूचना दिन आएको छु । कानून अनुसार जन्मको दर्ता गरी पाउँ ।

१. नवजात शिशुको विवरणः

| | | |
|---|---|---|
| क | नाम | |
| ख | जन्म मिति | |
| ग | जन्मस्थान | घर❑ अस्पताल ❑ अन्य ❑ |
| घ | लिङ्ग | महिला ❑पुरुष ❑ |
| ङ | जन्मेको किमिम | सिङ्गो ❑ जुम्ल्याहा❑ तिम्ल्याहा वा सो भन्दा बढी ❑ |
| च | कुनै शारिरीक विकृत | |

२. नवजात शिशुको बाजेको नाम, थरः-

३. नवजात शिशुको बाबु, आमाको विवरण

| | | बाबुको | आमाको |
|---|---|---|---|
| क | नाम, थर | | |
| ख | स्थायी ठेगाना | | |
| ग | शिशु जन्मदाको उमेर | | |
| घ | जन्म भएको देश | | |
| ङ | १. नागरिकता | | |
| | २. नागरिकता लिएको भए प्र.प. नं. जारी मिति र जिल्ला | | |
| च | शिक्षा | निरक्षर❑ साधारण❑ एस.एल.सी.❑ प्रमाणपत्र❑ स्नातक❑ स्नातकोत्तर❑ विद्यावारिधी❑ | निरक्षर❑ साधारण❑ एस.एल.सी.❑ प्रमाणपत्र❑ स्नातक❑ स्नातकोत्तर❑ विद्यावारिधी❑ |
| छ | धर्म | हिन्दू❑ बौद्ध❑ मुस्लिम❑ क्रिष्चियन❑ अन्य | हिन्दू❑ बौद्ध❑ मुस्लिम❑ क्रिष्चियन❑ अन्य |
| ज | मातृभाषा | | |
| झ | यो शिशु समेत गरी हालसम्म जन्मेका सन्तान संश्या | | |
| ञ | यो शिशु समेत गरी जिवित सन्तान संश्या | | |
| ट | शिशु जन्मदा मद्दत गर्ने व्यक्ति | | घरको मानिस❑ सुडिनी❑ नर्स❑ डाक्टर❑ अन्य |
| ठ | विवाह भएको साल | | |

यसमा लेखेको विवरण साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने सूचकको विवरण

| | | | |
|---|---|---|---|
| क | नाम | | सहीछाप |
| ख | नवजात शिशुसगको नाता | | |
| ग | ठेगाना | | |
| घ | नागरिकता लिएको | छ४छैन | |
| ङ | नागरिकता लिएको भए प्र.प.नं. र जिल्ला | | |

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

नेपाल कानून आयोग

# *अनुसूची -३

(नियम ५ संग सम्बन्धित)

## मृत्युको सूचना फाराम

(स्थानीय पञ्जिकाधिकारीले भर्ने)

| | नाम | नं। |
|---|---|---|
| अञ्चल | | |
| जिल्ला | | |
| गा।वि।स।२न।पा। | | |

| | |
|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | |
| दर्ता नं। | |
| दर्ता मिति२ | |
| परिवारको लगत फाराम नं। | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,

... गा.वि.स./न.पा.

....... जिल्ला ।

महोदय,

निम्न लिखित विवरण खुलाई मृत्युको सूचना दिन आएको छु । कानून अनुसार मृत्युको दर्ता गरी पाउँ ।

### मृतकको विवरणः

| | | | | | |
|---|---|---|---|---|---|
| क | नाम | | ख | स्थायी ठेगाना | |
| ग | उमेर | | घ | लिङ्ग | महिला ❑ पुरुष ❑ ❑ |
| ङ | मरेको ठाउँ | | च | मरेको मिति | |
| छ | १. नागरिकता | | ज | जन्म भएको देश | |
| | २. नागरिकता लिएको भए प्र.प. नं. जारी मिति र जिल्ला | | | | |
| झ | वैवाहिक स्थिति | विवाहीत ❑ अविवाहित❑ | ञ | क्षिक्षा | निरक्षर❑ साधारण❑ एस.एल.सी.❑ प्रमाणपत्र❑ स्नातक❑ स्नातकोत्तर❑ विद्यावारिधी❑ |
| ट | मातृभाषा | | ठ | धर्म | हिन्दू❑ बौद्ध❑ मुस्लिम❑ क्रिष्चियन❑ अन्य |
| ड | बाजेको नाम | | ढ | वाबुको नाम | |
| ण | पति/पत्नीको नाम | | त | मृत्युको कारण | दुर्घटना❑ ❑झाडा पखाला ❑स्वास प्रस्वास ❑औलो ❑कालाज्वर ❑मेनेनजाईटिस ❑क्यान्सर ❑रक्तचाप ❑टी।वी।❑ अन्य |

यसमा लेखेको विवरण साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने सूचकको विवरण

| | | | |
|---|---|---|---|
| क | नाम | | सहीछाप |
| ख | मृतकसंगको नाता | | |
| ग | ठेगाना | | |
| घ | नागरिकता लिएको | छ२छैन | |
| ङ | नागरिकता लिएको भए प्र.प.नं. र जिल्ला | | |
| च | मिति | | |

नेपाल कानून आयोग

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

# ✫अनुसूची -४

(नियम ५ संग सम्बन्धित)

## विवाहको सूचना फाराम

(स्थानीय पञ्जिकाधिकारीले भर्ने)

| | नाम | नं। |
|---|---|---|
| अञ्चल | | |
| जिल्ला | | |
| गा.वि.स./न.पा। | | |

| | |
|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | |
| दर्ता नं। | |
| दर्ता मितिः | |
| परिवारको लगत फाराम नं। | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,

... गा.वि.स./न.पा.

....... जिल्ला

महोदय,

सामाजिक परम्परा/विवाह दर्ता ऐन, २०२८ अनुसार मिति ...... मा हामी दुईको बीचमा .... स्थानमा विवाह सम्पन्न भएको हुनाले निम्न लिखित विवरण खुलाई सूचना दिन आएका छौं । कानून अनुसार दर्ता गरी पाउँ ।

### दुलाह/ दुलहीको विवरणः

| | | दुलहा | दुलही |
|---|---|---|---|
| क | नाम, थर | | |
| ख | जन्म मिति | | |
| ग | जन्म भएको देश | | |
| घ | १. नागरिकता | | |
| | २. नागरिकता लिएको भए प्र.प. नं. जारी मिति र जिल्ला | | |
| ङ | स्थायी ठेगाना | | |
| च | शिक्षा | निरक्षर❑ साधारण❑ एस.एल.सी.❑ प्रमाणपत्र❑ स्नातक❑ स्नातकोत्तर❑ विद्यावारिधी❑ | निरक्षर❑ साधारण❑ एस.एल.सी.❑ प्रमाणपत्र❑ स्नातक❑ स्नातकोत्तर❑ विद्यावारिधी❑ |
| छ | धर्म | हिन्दू❑ बौद्ध❑ मुस्लिम❑ क्रिष्चियन❑ अन्य | हिन्दू❑ बौद्ध❑ मुस्लिम❑ क्रिष्चियन❑ अन्य |
| ज | मातृभाषा | | |
| झ | बाजेका नाम | | |
| ञ | बाबुको नाम | | |
| ट | पूर्व वैवाहिक स्थिति | विवाहित ❑ अविवाहित ❑ | विवाहित ❑ अविवाहित ❑ |

यसमा लेखेको विवरण साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने

सूचकको विवरण

| | | | | |
|---|---|---|---|---|
| क | नाम | | | |
| ख | ठेगाना | | | |
| ग | सहीछाप | | | |
| घ | मिति | | | |

**द्रष्टव्यः** दुलहीको स्थायी ठेगाना र थरमा दुलहीको विवाह हुनु भन्दा अधिको स्थायी ठेगाना र थर लेखु पर्दछ ।

✫ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

# *अनुसूची -५

(नियम ५ संग सम्बन्धित)

## सम्बन्ध विच्छेदको सूचना फाराम

(स्थानीय पञ्जिकाधिकारीले भर्ने)

| | नाम | नं। |
|---|---|---|
| अञ्चल | | |
| जिल्ला | | |
| गा.वि.स./न.पा। | | |

| | |
|---|---|
| स्थानीय पञ्जिकाधिकारीको नाम | |
| दर्ता नं। | |
| दर्ता मितिः | |
| परिवारको लगत फाराम नं। | |

(सूचकले भर्ने)

श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,

... गा.वि.स./न.पा.

....... जिल्ला ।

महोदय,

................................ अदालतको मिति ........ को आदेश अनुसार सम्बन्ध विच्छेद भएको हुनाले निम्न लिखित विवरण खुलाई सम्बन्ध विच्छेदको सूचना दिन आएको छु । कानून अनुसार सम्बन्ध विच्छेदको दर्ता गरी पाउँ ।

**सम्बन्ध विच्छेद भएको**

| | | पतिको | पत्नीको |
|---|---|---|---|
| क | नाम, थर | | |
| ख | जन्म मिति | | |
| ग | जन्म भएको देश | | |
| घ | १. नागरिकता | | |
| | २. नागरिकता लिएको भए प्र.प. नं. जारी मिति र जिल्ला | | |
| ङ | स्थायी ठेगाना | | |
| च | शिक्षा | निरक्षर□ साधारण□ एस.एल.सी.□ प्रमाणपत्र□ स्नातक□ स्नातकोत्तर□ विद्यावारिधी□ | निरक्षर□ साधारण□ एस.एल.सी.□ प्रमाणपत्र□ स्नातक□ स्नातकोत्तर□ विद्यावारिधी□ |
| छ | धर्म | हिन्दू□ बौद्ध□ मुस्लिम□ क्रिष्चियन□ अन्य | हिन्दू□ बौद्ध□ मुस्लिम□ क्रिष्चियन□ अन्य |
| ज | मातृभाषा | | |
| झ | बाजेका नाम | | |
| ञ | बाबुको नाम | | |
| ट | विवाह भएको मिति | | |
| ठ | वैवाहिक सम्बन्धबाट पाएको सन्तान संख्या | | |
| द | हालसम्म जिवित सन्तान संख्या | | |
| ढ | बाबुसंग बसेको संख्या | | |
| ण | आमासंग बसेको संख्या | | |

यसमा लेखेको विवरण साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गर्ने सूचकको विवरण

| | | | |
|---|---|---|---|
| क | नाम | | |
| ख | ठेगाना | | |
| ग | सहीछाप | | |
| घ | मिति | | |

नेपाल कानून आयोग

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

# अनुसूची -६

(नियम ५ सँग सम्बन्धित)

**बसाइँसराईको सूचना फाराम**

श्री स्थानीय पञ्जिकाधिकारी, दर्ता मितिः-

..........................कार्यालय दर्ता नम्बरः-

महोदय,

निम्न लिखित विवरण खुलाई वसाइ सराइको सूचना दिन आएको छु । कानून अनुसार वसाइ सराइको दर्ता गरी पाउँ ।

१. बसाइ सर्ने परिवारका सदस्यहरूको/बसाइ सर्ने व्यक्तिको-

| क्र.सं. | नाम, थर | जन्म मिति | लिङ्ग | जन्म स्थान | नागरिकता | ठेगाना | | शैक्षिक योग्यता | पेशा | धर्म | जातीय समूह | मातृभाषा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

२. कहाँ सरी जानेः ... ... ... जिल्ला ... ... ... न.पा./ गा.वि.स. वडा नं. ... ... घर नं. ... ... ...

३. कहाँबाट सरी आएको ... ... ... जिल्ला ... ... ... न.पा./ गा.वि.स. वडा नं. ... ... घर नं. ... ... ...

४. बसाइँसराईको मितिः- ... ... ...

५. बसाइ सराइको कारणः- ... ... ...

सूचककोः-

हस्ताक्षरः-

नामः-

ठेगानाः-

यसमा लेखिएको विवरण साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

# *अनुसूची - ७

पृष्ठ नं.:

(नियम ६ सँग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

............. गाउँ विकास समिति /नगरपालिका

......................... जिल्ला

## जन्म दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | नाम, थर | जन्म मिति | लिङ्ग | जन्म स्थान | बाजेको नाम | बाब/आमाको विवरण (क) बाबु (ख) आमा | | | | | सूचकको नाम ठेगाना ना.प्र.प र जिल्ला | प्रमाणपत्र बुझिलिएको सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता | नागरिकता लिएको भए ना.प्र.प र जिल्ला | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | १३ | १४ | १५ |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |
| | | | | | | | (क) | | | | | | | | |
| | | | | | | | (ख) | | | | | | | | |

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

## *अनुसूची- ८

पृष्ठ नं.:

(नियम ६ संग सम्बन्धित)

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पञ्जिकाधिकारीको कार्यालय
............. गाउँ विकास समिति /नगरपालिका
जिल्ला .....................
मृत्यु दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | मृतकको विवरण | | | | | | | | | | | सूचकको नाम, ठेगाना र ना.प्र.नं. र जिल्ला | प्रमाणपत्र बुझिलिने को सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम थर | मृत्यु भएको मिति | उमेर | लिङ्ग | नागरिकता लिएको भए प्र.प.नं. जारी मिति र जिल्जा | मृत्यु भएको स्थान | स्थायी ठेगाना | अस्थायी ठेगाना | वाजेको नाम थर | बाबुको नाम, थर | पति/पत्नी को नाम थर | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।



www.lawcommission.gov.np

नेपाल कानून आयोग

# *अनुसूची - ९

पृष्ठ नं.:

(नियम ६ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

............. गाउँ विकास समिति /नगरपालिका

.......................... जिल्ला

## विवाह दर्ताको किताव

| दर्ता नं. | दर्ता मिति | विवाह भएको मिति | विवाह भएको स्थान | दुलाहा दुलहीको विवरण<br>क. दुलाह ख. दुलही | | | | | | | | सूचकको नाम र ठेगाना | प्रमाणपत्र बुझिलिएको सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम | जन्म मिति | बाजेको नाम, थर | बाबुको नाम, थर | ठेगाना | नागरिकता | नागरिकता लिएको भए ना.प्र.प नं. जारी मिति र जिल्ला | | | | |
| १ | २ | ३ | ४ | | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |
| | | | | (क) | | | | | | | | | | | |
| | | | | (ख) | | | | | | | | | | | |

नेपाल कानून आयोग

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

# *अनुसूची - १०

पृष्ठ नं.:

(नियम ६ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

............. गाउँ विकास समिति /नगरपालिका

**सम्बन्ध विच्छेदको दर्ता किताव**

| दर्ता नं. | दर्ता मिति | सम्बन्ध विच्छेद ठहर गर्ने अदालतको नाम र निर्णय मिति | क. पती ख. पत्नी | | | | | बाजेको नाम | बाबुको नाम, थर | विवाह भएको मिति | सूचकको नाम र ठेगाना | नागरिकता लिएको भए ना.प्र.प.नं. जारी मिति र जिल्ला | प्रमाणपत्र बुझिलिएको सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | | जन्म मिति | ठेगाना | | | | | | | | | |
| | | | | | | स्थायी | अस्थायी | | | | | | | | |
| १ | २ | ३ | ४ | | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |
| | | | क | | | | | | | | | | | | |
| | | | ख | | | | | | | | | | | | |

* मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

# ✰अनुसूची-११

पृष्ठ नं.:

(नियम ६ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

............. गाउँ विकास समिति /नगरपालिका

.............. जिल्ला

बसाई सराईको दर्ता किताव

| दर्ता नं. | दर्ता मिति | बसाई सराई गरी गएको/आएको मिति | बसाई सराई गर्ने परिवार वा व्यक्तिको नाम, थर | सूचकसंगको नाता | जन्म मिति | लिङ्ग | जन्म भएको स्थान | हालको स्थायी ठेगाना | बसाई सरी जाने स्थान | बसाई सरी आएको स्थान | नागरिकता लिएको भए ना.प्र.प.नं. जारी मिति र जिल्ला | सूचकको नाम | प्रमाणपत्र बुझ्नेको सही र मिति | दर्ता गर्ने स्थानीय पञ्जिकाधिकारीको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| | | | | | | | | | | | | | | | |

✰ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।



www.lawcommission.gov.np

# ✰अनुसूची- १२

(नियम ७ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

.............. गाउँ विकास समिति /नगरपालिका

............... जिल्ला ।

<u>जन्म दर्ताको प्रमाणपत्र</u>

दर्ता नम्वरः दर्ता मिति

पारिवारिक लगत फाराम | | | | | | | | | | | | | नं.

यस कार्यालयमा खडा गरिएको जन्म दर्ता किताव अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ............. ले भरेको अनुसूची – २ को सूचना फाराम बमोजिम श्री ........ को नाती/नातिनी ............. जिल्ला ............... गा.वि.स./न.पा. ... वडा नं. ... वस्ने श्री ...... तथा श्रीमती ......... को छोरा/छोरी श्री/सुश्री ............ को मिति ....... गते ..................... मा जन्म भएको हो ।

नागरिकता लिएको भए
प्रमाणपत्र नं. जारी मिति र जिल्ला
क. बाबुको
ख. आमाको

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः
मितिः

✰ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

## ✯अनुसूची- १३

(नियम ७ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

.............. गाउँ विकास समिति /नगरपालिका

............... जिल्ला ।

**मृत्यु दर्ताको प्रमाणपत्र**

दर्ता नम्वरः                                                                 दर्ता मिति

पारिवारिक लगत फाराम | | | | | | | | | | | | नं.

यस कार्यालयमा खडा गरिएको मृत्यु दर्ता किताव अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ............ ले भरेको अनुसूची — ३ को सूचना फाराम बमोजिम श्री ........ को नाती/नातिनी श्री............ को छोरा/ छोरी श्री .............. को पती/पत्नी ........... जिल्ला .............. गा.वि.स./न.पा. ... वडा नं. ... मा वस्ने वर्ष .... को श्री/ श्रीमती/सुश्री ......... को मिति ....... गते ..................... मा मृत्यु भएको हो ।

नागरिकता लिएको भए
मृतकको नागरिकता प्रमाणपत्र नं.
जारी मिति र जिल्ला

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः
मितिः

✯ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

## ✡अनुसूची- १४

(नियम ७ संग सम्बन्धित)

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पञ्जिकाधिकारीको कार्यालय
………….. गाउँ विकास समिति /नगरपालिका
…………… जिल्ला ।

**विवाह दर्ताको प्रमाणपत्र**

दर्ता नम्वरः दर्ता
मिति
पारिवारिक लगत फाराम | | | | | | | | | | | | | नं.

यस कार्यालयमा खडा गरिएको विवाह दर्ता किताव अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ………… तथा श्रीमती ………………..ले भरेको अनुसूची – ४ को सूचना फाराम बमोजिम श्री …….. को नाती श्री …………. को छोरा ……. जिल्ला …………… गा.वि.स./न.पा. … वडा नं. … मा वस्ने वर्ष …. को श्री ………… संग श्री ………… को नातिनी श्री ………… को छोरी ………. जिल्ला ………. गा.वि.स./न.पा. वडा नं. …. मा बस्ने वर्ष … की श्री/सुश्री ……… को मिति ………. मा सामाजिक परम्परा/विवाह दर्ता ऐन, २०२८ अनुसार विवाह भएको हो ।

नागरिकताको प्रमाणपत्र लिएको भए स्थानीय
पञ्जिकाधिकारीको
नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला सहीः
क. दुलहाः नाम थरः
ख. दुलहीः मितिः

---

✡ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।

## ✰अनुसूची-१५

(नियम ७ संग सम्बन्धित)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

.............. गाउँ विकास समिति /नगरपालिका

............... जिल्ला ।

**सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्र**

दर्ता नम्वरः दर्ता

मिति

परिवारिक लगत | | | | | | | | | | | | | फाराम नं.

यस कार्यालयमा खडा गरिएको सम्बन्ध विच्छेद दर्ता किताव अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री / श्रीमती ....................ले भरेको अनुसूची — ५ को सूचना फाराम बमोजिम श्री ........ को नाती श्री ............. को छोरा ....... जिल्ला ............... गा.वि.स./न.पा. ... वडा नं. ... वस्ने वर्ष .... को श्री ............ संग श्री ............. को नातिनी श्री ............ को छोरी .......... मा बस्ने वर्ष ... की श्रीमती ......... को अदालतको मिति ........... को फैसला/आदेश अनुसार दाम्पत्य सम्बन्ध विच्छेद भएको हो ।

नागरिकता लिएको भए
प्रमाणपत्र नं. जारी मिति र जिल्ला
क. पतिको
ख. पत्नीको

स्थानीय पञ्जिकाधिकारीको
सहीः
नाम थरः
मितिः

✰ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर ।

## ✩अनुसूची-१६
(नियम ७ संग सम्बन्धित)

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पञ्जिकाधिकारीको कार्यालय
............. गाउँ विकास समिति /नगरपालिका
.............. जिल्ला ।

दर्ता नम्वरः दर्ता मिति

परिवारिक लगत | | | | | | | | | | | | | फाराम नं.

**बसाइँ सराईं दर्ताको प्रमाणपत्र**

यस कार्यालयमा खडा गरिएको बसाई सराई दर्ता किताव अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री ....................ले भरेको अनुसूची — ६ को बसाइं सराईंको सूचना फाराम बमोजिम ....... जिल्ला ............... गा.वि.स./न.पा. ... वडा नं. ... वस्ने श्री ........... एक्लै/निम्न लिखित परिवार सहित मिति मा ..... जिल्ला .......... गा.वि.स./न.पा. वडा नं. .... मा बसाइँ सरी गएको हो/ बाट बसाई सरी आएको हो ।

**बसाईं सरी जाने/आउने परिवारका सदस्यको विवरणः**

| सि.नं. | नाम,थर | जन्म मिति | सूचक संगको नाता | अन्य घटना दर्ता भए नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सूचकले नागरिकता लिएको भए
प्रमाणपत्र नं.
जारी मिति र जिल्ला

स्थानीय पञ्जिकाधिकारीकोः
सहीः
नाम थरः
मितिः

✩ मिति २०६२।१२।२१ को राजपत्रमा प्रकाशित सूचना अनुसार हेरफेर।